# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असार ११ गते २०४३ साल (अतिरिक्ताङ्क १७

## भाग १

### राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको सैंतीसौं अधिवेशनलाई २०४३ साल असार ११ गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

१. यस वर्ष बालिग मताधिकारको आधारमा सम्पन्न भएको महानिर्वाचनपछि गठन भएको सम्पूर्ण नेपाली जनतालाई प्रतिनिधित्व गर्ने यस राष्ट्रिय पञ्चायतको सैंतीसौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । मुलुकको सर्वाङ्गीण विकास अभियानमा यस अधिवेशनले पनि अवश्य ठोस योगदान पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । यस सम्बन्धमा संविधानद्वारा निर्देशित राष्ट्रिय राजनैतिक लक्ष्यहरू प्राप्त गर्नेतर्फ हामी जति सफल भएका छौं त्यसको परिप्रेक्ष्यमा आर्थिक विकासको क्षेत्रमा हाम्रा प्रयासहरूलाई अरू व्यापक र तीब्र गराउँदै लानु छ । आर्थिक एवं सामाजिक विकासको मूलभूत उद्देश्य सर्वसाधारण जनताको खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकताका विषयमा गुणात्मक अभिवृद्धि गर्नु भएकोले विक्रम सम्वत् २०५७ सम्ममा एशियाली मापदण्डबाट उपयुक्त मानवोचित जीवनस्तर हासिल गर्नको लागि आगामी आर्थिक वर्ष आवश्यक कार्य नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ मेरो सरकारले विशेष जोड दिनेछ ।

२. विगत केही वर्षदेखि देशको अर्थतन्त्र प्रतिकूल स्थितिबाट गुज्रिरहेको छ । बजेट घाटा र बिग्रँदो सोधनान्तर स्थितिले अर्थतन्त्रलाई पिरोली रहेछ । यसमा सुधार ल्याउन मेरो सरकारले अल्प एवं मध्यावधिक कार्य नीतिहरूको तर्जुमा गरी कार्यान्वयन गर्नेछ । आगामी आर्थिक वर्ष मेरो सरकारले आर्थिक विकास र स्थायित्वको लागि जोड दिनेछ । यसको निम्ति सातौं योजनाको उद्देश्य र आधारभूत विकास नीतिको अनुसरण गर्दै अनुत्पादक खर्चमा नियन्त्रण गरी उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको लागि पर्याप्त साधन उपलब्ध गराउने, कार्यान्वयन अवस्थामा रहेका कृषि, सिंचाइ, विद्युत्, उद्योग, यातायात, सञ्चार, पर्यटन, वन लगायत विभिन्न क्षेत्रका लाभदायक आयोजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्ने र विगत लगानीबाट स्थापित विकासका पूर्वाधारहरू र उत्पादनशील निकायहरूको मर्मत सम्भारको लागि उपयुक्त व्यवस्था गर्ने कार्यक्रममा मेरो सरकारले विशेष ध्यान दिनेछ । यसै क्रममा आन्तरिक तथा वाह्य स्रोतको सुपरिचालन गर्ने, बजेट घाटा सीमित गर्ने र सोधनान्तर स्थितिमा सुधार ल्याउने उपयुक्त वित्तीय एवं मौद्रिक नीति अवलम्बन गरी मेरो सरकारले दृढतासाथ कार्यान्वयन गर्नेछ । बैङ्कको माध्यमबाट राष्ट्रिय बचत परिचालन गरी उत्पादक कार्यको लागि साधन उपलब्ध गराउन बैङ्किङ्ग सेवाको गुणात्मक विकास गर्न मेरो सरकारले ध्यान दिनेछ ।

३. विगत केही वर्षदेखि निकासी र पैठारी व्यापारमा बढ्दो असन्तुलनले गर्दा देशको सोधनान्तर स्थिति प्रतिकूल देखा परेको छ । यस परिप्रेक्ष्यमा निर्यात व्यापारको विकास



९८C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न मेरो सरकारले निकासीयोग्य विभिन्न वस्तुहरूको उत्पादन गर्न तथा निकासी व्यापारलाई प्रोत्साहन गर्न उपयुक्त कदमहरू चाल्नेछ। पैठारीतर्फ पनि स्वदेशमा स्थापित उद्योगहरूलाई कच्चा पदार्थहरू आवश्यक परिमाणमा उपलब्ध गराउनुको साथै अन्य आयात गर्नुपर्ने वस्तुहरू पनि सस्तो मूल्यमा अन्तर्राष्ट्रिय बजारमा जहाँ पाइन्छ त्यहींबाट आयात गर्ने दृष्टिकोण मेरो सरकारले राख्नेछ। यस सिलसिलामा, विभिन्न वाह्य स्रोतबाट आयात गरिने वस्तुमा लाग्ने महसूलको फरक दरलाई पनि यथोचित रूपमा मिलान गरी पैठारी व्यापारलाई सुव्यवस्थित गर्न मेरो सरकारले कदमहरू चाल्नेछ।

४. सामान्य उपभोग्य वस्तुहरू महँगो हुँदा जनजीवनलाई कष्ट परेको देखिन्छ भने मूल्य वृद्धिबाट अर्थतन्त्रमा गतिरोध समेत हुन जाने हुनाले मेरो सरकारले आगामी आर्थिक वर्ष मूल्य वृद्धि दरलाई नियन्त्रण गर्न उपयुक्त वित्तीय तथा मौद्रिक कदमहरू चाल्नेछ। साथै, आवश्यक वस्तुहरूको आपूर्ति भइरहने व्यवस्था पनि मिलाउनेछ।

५. अर्थतन्त्रको सुदृढीकरणको निम्ति उत्पादनमा नै वृद्धि गर्नुपर्छ। यसर्थ, कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि ल्याउन तथा अधिराज्यको विभिन्न भागमा स्थापना भइसकेका अनुसन्धान, प्रविधि विकास, प्रसार सेवा तथा उत्पादनका अन्य साधनहरूको उपयोग गर्ने सुनिश्चित कार्यक्रमहरू सञ्चालन गर्न मेरो सरकार सचेष्ट रहनेछ। यसको लागि सिंचाइका कार्यक्रमहरूलाई विस्तार गर्नुका साथै कृषि ऋण तथा उन्नत बीउ, मलखादको आपूर्ति सुलभ गर्न मेरो सरकारले जोड दिनेछ। देशभित्र खपतको लागि आवश्यक खाद्यान्न उत्पादन गर्नुको अतिरिक्त निर्यातको लागि अन्तर्राष्ट्रिय बजारको माग अनुरूप विभिन्न कृषिजन्य वस्तु उत्पादन गर्ने कार्यक्रमलाई मेरो सरकारले प्रोत्साहन दिनेछ।

६. उद्योगतर्फ, उत्पादनमा स्वदेशी अंशको वृद्धि गर्दै आयात प्रतिस्थापन गर्ने, निर्यात वृद्धि गर्ने, स्वदेशमा उपलब्ध कच्चा पदार्थ र सीपको प्रयोग एवं प्रवर्द्धन गर्ने तथा सर्वसाधारण जनताको आधारभूत आवश्यकता उत्पादन गर्ने खालको उद्योगहरूलाई प्रोत्साहन गर्ने नीति मेरो सरकारले कायम राख्नेछ। यस क्रममा देशको औद्योगिक लगानीलाई राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण हुने दिशातर्फ प्रवाहित गर्न र यसको विकासलाई स्थायित्व प्रदान गर्न सम्बन्धित नियम-कानूनलाई समीक्षा गरी समयानुकूल बनाइनेछ।

७. हाम्रो अर्थ व्यवस्थामा निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ। वास्तवमा, निजी क्षेत्रको गतिशीलताको अभावमा विकासको गति तीव्र हुन सक्दैन। यस तथ्यलाई हृदयङ्गम गरी मेरो सरकारले देशको आर्थिक विकासका सबै पक्षहरूमा– उत्पादन, वितरण एवं उपभोगमा– निजीक्षेत्रको पनि अग्रसारिता र कुशलता प्रस्फुरण हुने वातावरणको सिर्जना गर्नुको साथै व्यापक जनसहभागितालाई प्रोत्साहन दिनेछ।



९२८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. स्थानीय विकासको कार्यको सबै पक्षमा स्थानीय नेतृत्व र जनताको सहभागिताले नै निर्णायक भूमिका बहन गर्नुपर्ने विकेन्द्रीकरण ऐनको व्यवस्था अनुसार मेरो सरकारले आगामी आर्थिक वर्षको बजेटमा साधनको विनियोजन एवं कार्य सञ्चालनको व्यवस्था मिलाउनेछ तथा विकेन्द्रीकरण योजनाको कार्यान्वियनमा जोड दिनेछ ।

९. देशमा उपलब्ध प्राकृतिक सम्पदाको समुचित उपयोग गर्न सकेको पक्षमा आर्थिक विकास सुदृढ हुन्छ । हाम्रो देशको जलस्रोतलाई सिंचाइ, विद्युत् आदि विभिन्न लाभहरू हासिल गर्ने उद्देश्यले क्रमिक रूपमा विकास गर्दै लैजाने नीति मेरो सरकारले अवलम्बन गरिआएको छ । यस क्रममा सिंचाइ सुविधाको विस्तार तथा विद्युत् उत्पादनको साथै सुनियोजित वितरण व्यवस्था मिलाउन जोड दिइनेछ । खनिज सम्पदाको अन्वेषण तथा विकासतर्फ थालिएका महत्वपूर्ण कार्यहरूलाई पनि सुनिश्चित रूपमा तीव्रतासाथ सञ्चालन गरिनेछ । देशभित्र उद्योग, ऊर्जा तथा अन्य उपयोगका लागि वन पैदावारको बढ्दो मागको परिपूर्तिको व्यवस्था मिलाउनको निमित्त वृक्षारोपण कार्यक्रममा निजी क्षेत्रलाई पनि संलग्न गराउँदै लैजान मेरो सरकारले आवश्यक कदमहरू लिनेछ ।

१०. देशको प्राकृतिक वातावरणको संरक्षणको साथै वन, वनस्पति, वन्यजन्तु आदि महत्वपूर्ण सम्पदाको संरक्षण र सुव्यवस्था गर्न मेरो सरकार सचेष्ट रहनेछ । यस प्रकार विवेकपूर्ण ढङ्गबाट भू, जल, वन, खनिज तथा अन्य प्राकृतिक सम्पदाको उपयोग गर्न र वातावरणीय सन्तुलन कायम राख्दै मुलुकको उत्पादनको आधारलाई संरक्षण र सम्वर्द्धन गर्न मेरो सरकारले ध्यान दिनेछ ।

११. नेपालले गर्दै आएको विकासको प्रयासलाई जनसंख्या वृद्धिको उच्चदरले प्रतिकूल असर गरिरहेको तथ्यलाई ध्यानमा राखी प्रजनन दर घटाउने र मातृशिशु स्वास्थ्य कार्यक्रमहरू लगायत जनसंख्यासम्बन्धी अन्य कार्यक्रमहरू समन्वयात्मक रूपमा परिचालन गर्ने मेरो सरकारको नीति कायम रहनेछ ।

१२. शिक्षाको गुणस्तर विकासमा मेरो सरकारले विशेष ध्यान दिनेछ र गुणस्तर वृद्धि गर्न सक्रिय हुने विद्यालयहरूलाई प्रोत्साहित गर्ने व्यवस्थालाई अझ प्रभावकारी ढङ्गबाट लागू गरिनेछ । विभिन्न तहका विद्यालय एवं विश्वविद्यालयमार्फत राष्ट्रिय विकासको लागि चाहिने सुशिक्षित र अनुशासनशील दक्ष जनशक्तिको विकास गर्न मेरो सरकार प्रयत्नशील रहनेछ ।

१३. साहित्य, कला, संस्कृतिको क्षेत्रमा गौरवमय परम्पराको संरक्षणको साथै आधुनिक ज्ञान-विज्ञानको विकाससंग परिचित हुँदै अगाडि बढ्नुपर्छ । यस दिशामा



१३० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेरो सरकारले प्रज्ञा-प्रतिष्ठानहरू तथा अन्य संस्थागत माध्यमहरूद्वारा सक्दो योगदान पुऱ्याउने नीति जारी राख्नेछ ।

१४. राज्य सञ्चालनमा प्रशासनिक अङ्गको गहन भूमिका रहन्छ । मेरो सरकारले प्रशासनमा अनुशासन कायम राखी ऐन नियम अनुसार मर्यादापूर्वक राष्ट्रसेवकबाट जिम्मेवारी बहन गर्न लगाउन राजनैतिक स्तर र प्रशासनिक स्तरको कार्य सम्पादनसम्बन्धी अधिकार र कर्तव्यलाई अझ सुनियोजित गर्नेछ । साथै, प्रशासनलाई समयानुकूल सक्षम तुल्याउने उद्देश्यले केन्द्र, क्षेत्र, अञ्चल र जिल्लास्तरका प्रशासकीय इकाईहरूलाई सङ्गठनात्मक सुदृढीकरण गर्दै लग्नेछ । त्यस्तै, न्याय प्रशासनलाई बढी सक्षम र सुदृढ गर्ने उद्देश्यले कानून सुधार आयोगको प्रतिवेदनलाई क्रमशः कार्यान्वियन गर्दै जानेछ ।

१५. मुलुकमा शान्ति, सुरक्षा र अमनचैन कायम राख्न मेरो सरकारले सम्बन्धित प्रशासनिक निकायहरूलाई सक्षम, जनमुखी र प्रभावकारी बनाउन निरन्तर प्रयास गर्नेछ । प्रहरी संगठनलाई तालीम र साधनयुक्त तथा जनसेवामुखी बनाउँदै लैजाने प्रयत्न जारी रहनेछ । शाही नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण गर्ने क्रम कायम राखिनेछ ।

१६. राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण गर्दै सामाजिक एवं आर्थिक समुन्नतिको पुनीत कार्यमा समस्त नेपाली संलग्न रहेका छन । यस अवस्थामा देशको शान्ति र सुरक्षामा खलल पुऱ्याउन खोज्ने आतङ्कवाद निश्चय पनि नेपाली चरित्रको प्रतिकूल तत्व हो र त्यसको भर्त्सना समस्त देशभक्त नेपालीले गरेका छन् । नेपालले अन्तर्राष्ट्रिय मञ्चबाट पनि आतङ्कवादको सधैं निन्दा र विरोध गरिआएको छ । जहाँ-बाट भएपनि मुलुकभित्र अशान्ति मचाउन खोज्ने आतङ्ककारीको दुश्प्रयासहरूलाई निरूत्साहित एवं विफल तुल्याउन मेरो सरकार सदा कटिबद्ध रहनेछ ।

१७. संयुक्त राष्ट्र संघका बडापत्र र असंलग्नताका मूलभूत सिद्धान्तहरूमा आस्था राख्दै संसारका सबै मुलुकसंग मित्रता बढाउँदै लैजाने हाम्रो परराष्ट्र नीति छ । खासगरी हाम्रा छिमेकी मित्रराष्ट्रहरू एवं दक्षिण एशियाका अन्य राष्ट्रहरूसंग आपसी समझदारी, सहयोग र सद्भावनामा आधारित हाम्रो घनिष्ठ मैत्री सम्बन्धलाई गहिरो र सुदृढ पार्दै लैजान मेरो सरकार सदा तत्पर रहेको छ । गत मंसीरमा ढाकामा आयोजित दक्षिण एशियाका सात देशका राष्ट्राध्यक्ष तथा सरकारप्रमुखहरूको सम्मेलनले दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन स्थापना गरेको छ । यसबाट सदस्य राष्ट्रहरूले आपसी हितको आधारमा सामूहिक आत्मनिर्भरताको लागि आर्थिक एवं सामाजिक कार्यक्रमको विकास गर्न सजिलो भएको छ । यस प्रक्रियामा मेरो सरकार क्रियाशील रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. गत वर्ष हामीबाट अष्ट्रेलियाको राजकीय भ्रमण र भारतको औपचारिक भ्रमण तथा बाटोमा पर्ने ब्रुनाई, मलेशिया, जापान र बङ्गलादेशको मैत्रीपूर्ण भ्रमण गरिबक्सेका हौं । यी भ्रमणबाट नेपाल र ती देशहरूबीच विद्यमान द्विपक्षीय सम्बन्धको आधार अझ सुदृढ हुन गएको छ । संयुक्त अधिराज्यकी राजश्री महारानी एलिजाबेथ द्वितीया तथा ड्यूक अफ् एडिनबराबाट भएको नेपालको राजकीय भ्रमणबाट हाम्रा दुई देशबीच लामो समयदेखि रहिआएको समझदारी एवं मित्रताका सम्बन्धहरू अरू सुदृढ भएकोमा हामीलाई सन्तोष लागेको छ । केही दिनपछि जनवादी गणतन्त्र बङ्गलादेशका राष्ट्रपति महामहिम रथी हुसेन मोहम्मद एर्शादलाई नेपालको राजकीय भ्रमणमा स्वागत गर्ने प्रतिक्षामा हामी छौं । यस भ्रमणबाट हाम्रा दुई देशबीचको मित्रता गहिरो हुनुका साथै दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनलाई प्रभावकारी बनाउँदै जानेतर्फ सघाउ पुग्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं । त्यस्तै, आगामी महिनामा भारतका राष्ट्रपति महामहिम ज्ञानी जैल सिंहलाई पनि नेपालको राजकीय भ्रमणमा स्वागत गर्ने अवसर हामीलाई प्राप्त हुने भएको छ । यस भ्रमणबाट नेपाल र भारतबीच युगौंदेखि रहिआएको मैत्री सम्बन्धलाई सुदृढ गर्न योगदान पुग्नेछ भन्ने हाम्रो विश्वास छ ।

१९. आगामी भाद्र महिनामा जिम्बावेको राजधानी हरारेमा हुन लागेको असंलग्न राष्ट्रहरूको आठौं शिखर सम्मेलनमा सदा झैं नेपालको सहभागिता रहनेछ । असंलग्न आन्दोलनको पच्चीसौं वार्षिकोत्सवको अवसरमा आयोजना हुने यस सम्मेलनबाट शान्ति र असंलग्नताको पक्षमा आपसी समर्थन र प्रतिबद्धताको पुष्टि गर्न सफलता मिल्नेछ भन्ने हाम्रो आशा छ ।

२०. विश्वका शक्ति सम्पन्न राष्ट्रहरूले निःशस्त्रीकरणको सारपूर्ण सम्झौतामा पुग्ने सत्प्रयास गरून् भन्ने नेपालको दृष्टिकोण रहिआएको छ ।

२१. नेपाल मध्यपूर्वमा चलिरहेको युद्धको चाँडो अन्त्य होस् भन्ने चाहन्छ । मध्यपूर्वमा शान्ति स्थापनाको निम्ति संयुक्त राष्ट्र संघको आह्वानमा शाही नेपाली सेनाको सहभागिता कायमै राखिएको छ । कुनै पनि समस्याको समाधान आपसी मेलमिलाप, समझदारी र शान्तिपूर्ण ढङ्गबाट हुनुपर्छ भन्ने कुरामा सधैं मेरो सरकारले जोड दिई आएको छ । सभ्य मानव जातिको कलङ्कको रूपमा रहेको उपनिवेशवाद तथा रङ्गभेद नीतिको अन्त्य गर्न संयुक्त राष्ट्र संघले गरेको प्रयत्नमा मेरो सरकारले सक्रिय समर्थन दिंदै रहनेछ ।

२२. नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्तावप्रति अहिलेसम्म पचहत्तर मित्रराष्ट्रहरूको समर्थन प्राप्त भएको छ । यसैगरी अरू मुलुकहरूको पनि समर्थन जुटाउन मेरो सरकार प्रयत्नशील रहनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. नेपालले आफ्नो आर्थिक विकासको लागि गरिरहेको प्रयासमा मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय निकायहरूबाट सहयोग पाउँदै आएको छ। यस्ता सहयोगलाई हाम्रा आवश्यकता अनुरूप परिचालन गर्ने हाम्रो नीति कायम रहनेछ। हाम्रो विकास कार्यमा मित्रराष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संघ संस्थाले गरेको योगदानको कदर गर्दै हामी धन्यवाद प्रकट गर्न चाहन्छौं।

२४. दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था नेपालको हित र उन्नतिको लागि समर्पित व्यवस्था हो भन्ने तथ्य लोकसम्मतिबाट पनि स्थापित भइसकेको छ। देशको राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण गर्दै विकासको पवित्र अभियानमा सबै नेपाली उच्चतम चिन्तन, क्रियाशीलता र उत्साह सहित सहभागी हुनेछन् भन्ने हाम्रो धारणा छ।

२५. अन्त्यमा, नेपालको गौरवमय परम्पराको संरक्षण गर्दै समाजको स्वस्थ विकास गर्नको लागि सार्वजनिक क्षेत्रमा नैतिक मान्यता र मूल्यहरूको निर्वाह गर्नु सम्बन्धित सबैको कर्तव्य भएको छ। चारित्रिक स्वच्छता र उच्च नैतिक मनोबल राखेर नै सबै समस्या र हाँकहरूलाई सामना गर्दै देशलाई समृद्धिको शिखरमा उचाल्ने पुनीत कार्यमा सफलता प्राप्त गर्न सकिन्छ। अतः देशको उत्थान र हित हुने कुरामा सदा झैं मेरो सरकारलाई सबै क्षेत्रबाट पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने हाम्रो विश्वास छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

आज्ञाले,

श्यामकृष्ण भटराई

राष्ट्रिय पञ्चायतको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

938

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।